# पार्टी नीति तथा कार्यक्रमसम्बन्धी प्रस्तावको रूपरेखा

**१. विषय प्रवेश**

- पार्टी नीति राजकीय तथा सार्वजनिक मामिलामा देशको वस्तुगत परिस्थिति अनुरूप विकसित सैद्धान्तिक निष्कर्ष, कार्यक्रम त्यसको अभिव्यक्ति ।
- पार्टीको नीति तथा कार्यक्रम पार्टी सत्तारुढ हुँदा मार्गदर्शक, विपक्षमा हुँदा सङ्घर्षको माग र मुद्दा ।
- पार्टीले क्रान्ति र परिवर्तनका प्रत्येक मोडहरू तथा निर्वाचनमा सहभागी भइरहँदा परिस्थितिसापेक्ष हुने गरी ठोस कार्यक्रम प्रस्तुत गर्नुपर्ने ।
- सङ्घीय गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ गर्दै समाजवादको नेपाली बाटो विकास गर्ने ।
- पार्टीको लक्ष्य सङ्घीय समाजवादी गणतन्त्रको स्थापना । पार्टीका नीति तथा कार्यक्रमहरू त्यसैतर्फ उन्मुख ।

**२. नेपाली समाज**

- समाजको चरित्र निरुपण गर्ने आधारः बहुलतायुक्त सामाजिक चरित्र, उत्पादनका कृयाकलापहरू आदि
- फेरिँदै गएको नेपालको सामाजिक-आर्थिक व्यवस्थाः पछिल्लो परिवर्तनपश्चात अर्थव्यवस्थाका सूचकहरू, सङ्घीयतामा वित्त व्यवस्थापन
- नेपाली समाजमा विद्यमान अन्तर्विरोधहरूः वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय आदि
- श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको एकता अपरिहार्य

**३. नेपाली समाज परिवर्तनको बाटो : सङ्घीय समाजवाद**

- कुनै पनि सिद्धान्त आजसम्म सिद्ध भएका कुराहरूको आधारमा विकास । समग्रमा मार्गदर्शन ।
- सङ्घवाद र समाजवाद यसका दुइ मुख्य विचारधाराहरू
- वहुल राष्ट्रियतामा आधारित समाजवादी लोकतान्त्रिक मुलुकमा परिणत गर्ने ऐतिहासिक अभिभारा
- समाजवादी लोकतन्त्र भनेको राजनीतिक लोकतन्त्र मात्र होइन, आर्थिक, सामाजिक तथा सांस्कृतिक लोकतन्त्र पनि ।

**४. सङ्घीय राज्य**

- सङ्घीय राज्य भनेको राज्यहरूको सङ्घ ।
- केन्द्रमा साझा शासन, प्रदेशमा स्वशासन । केन्द्रमा साझा राज्य, प्रदेशमा स्वायत्त राज्य ।
- सङ्घीयता संरचना मात्र होइन, राज्यशक्ति र शासनाधिकार साझेदारीको सिद्धान्त । त्यसैले सङ्घीयताको सैद्धान्तिक महत्त्व छ ।

**४.१. पहिचानको सहितको सङ्घीयता**

- नेपालमा सङ्घीयताको सन्दर्भमा प्रशासनिक-भौगोलिक सङ्घीयता र पहिचानसहितको सङ्घीयता २ मुख्य अवधारणाहरू ।
- नेपालमा प्रशासनिक-भौगोलिक सङ्घीयताको ढाँचामा ७ प्रदेशको संरचना निर्माण । मधेस बाहेक सबै प्रदेशहरूमा एउटै समुदायको जनसाङ्ख्यिक बाहुल्यता र राजनीतिक प्रभुत्व ।
- पुराना राजनीतिक शक्तिहरूले यसलाई पनि 'तदर्थ' रूपमा लिएको र उल्टाउने मौकाको खोजीमा ।
- नेपालमा अहिले पहिचानको आदोलनको तीन रूप । मधेसमा पहिचानसहितको सङ्घीयता कार्यान्वयन । अन्यत्र सङ्घर्ष र प्रचारात्मक चरणमै ।
- विश्व समाजवादी आन्दोलनमा पहिचानसहितको सङ्घीयताको प्रयोग भौगोलक क्षेत्रसहित र गैरभौगोलिक सङ्घीयता दुई तरिकाले प्रयोग ।
- नेपालमा १०+१ अर्थात पहिचानसहितको १० प्रदेशका साथै गैरभौगोलिक सङ्घीयताको रूप पनि आवश्यक ।

**४.२ वर्तमान युगको सङ्घीयता : सहकारी सङ्घीयता**

- विश्वमा सङ्घीयताको ३ अभ्यास

पहिलो, शास्त्रीय सङ्घीयता अर्थात महासङ्घीय ढाँचा
दोस्रो, आधुनिक सङ्घीयता अर्थात प्रतिस्पर्धी ढाँचा
तेस्रो, उत्तर आधुनिक कालको सङ्घीयता अर्थात सहकारी सङ्घीयता ।

- आजको सङ्घीयता सहकारी सङ्घीयता भएकाले प्रदेश प्रदेशबिच सहकार्य हुने । केन्द्रद्वारा वित्तीय सन्तुलन हुने गरी निश्चित मापदण्डको आधारमा राजस्व लगायतका स्रोत साधनहरू बाँडफाँट हुने ।

## ५. आजको युगको समाजवाद

- भूमण्डलीय विश्वमा पुँजीवाद र समाजवादः विश्व अहिले चौँथो औद्योगिक क्रान्ति र साइवरनेटिक युगमा । कृत्रिम बौद्धिकताको युगसँगै आइ-५ को तयारी र प्रतिस्पर्धा ।
- समाजवादको श्रेष्ठताः समाजवादमा उत्पादनका साधनहरूको सामाजिक हीतमा प्रयोग । श्रममाथि पुँजीको अधिपत्यको अन्त्य । सामाजिक-आर्थिक ढाँचामा चरणवद्ध परिवर्तन । उत्पादकत्व बृद्धि ।
- सङ्घीयता सहितको समाजवादः आधुनिक समाजवाद मुलतः पश्चिम युरोपका राष्ट्रिय राज्यहरूमा विकसित, वर्गीय मुक्तिमा जोड । बहुराष्ट्रिय देशका लागि सङ्घीय समाजवाद । सबैखाले विभेदबाट मुक्तिमा जोड ।
- एआइको युगको समाजवादको चरित्र ।

## ६. सङ्घीय समाजवादका विशेषताहरू

- सङ्घीय समाजवादले राजनीतिक क्षेत्रमा जनताको सार्वभौमिकता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, समानुपातिक निर्वाचन प्रणाली, संवैधानिक तथा कानुनी राज्य, मौलिक एवम् मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्याय पालिका, प्रेस स्वतन्त्रता, जस्ता परम्परागत लोकतन्त्रका साश्वत मूल्य र मान्यताहरू सबै आत्मसात
- त्यसको अलावा यस कार्यक्रमका थप विशेषताहरू
  सङ्घीय शासन, समाजवादी अर्थ राजनीतिक दिशा, सहभागितामूलक समावेशी लोकतन्त्र, सामाजिक आर्थिक न्याय, समानुपातिक समावेशीकरण, समतामूलक समृद्धि, सुशासन र सदाचार, लोक कल्याणकारी राज्य, पर्यावारणीय सन्तुलन तथा वहुलतायुक्त राष्ट्रवाद र राष्ट्रिय एकता आदि ।

## ७. सङ्गठनात्मक सिद्धान्त

- पार्टी निर्माणको सारपक्ष यसले अवलम्बन गर्ने विचार र सिद्धान्त । यसको अभिव्यक्ति सङ्गठन ।
- पार्टीको सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक अकेन्द्रिकरण (विधानको धारा ११८) ।
- लोकतन्त्र र अकेन्द्रियता यसका दुई महत्त्वपूर्ण पक्ष ।
- लोकतन्त्र विचारको स्वतन्त्रता र निर्णय कार्यान्वयनमा एकरूपतासँग सम्बन्धित, अकेन्द्रीयता प्रत्येक तहको समितिलाई आफ्नो क्षेत्राधिकारभित्रका विषयमा निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकारसँग सम्बन्धित सवाल ।

## ८. नेपाली समाजको समृद्धिका लागि पार्टीको नीति तथा कार्यक्रम

## १. राजनीतिक नीति र कार्यक्रम

- राज्य व्यवस्था
- शासकीय स्वरूप
- उत्पीडित राष्ट्रियताहरूको पहिचान र अधिकार
  - आदिवासी जनजाति
  - मधेसी
  - खस समुदाय
  - शिल्पी/दलित
  - मुस्लिम
  - महिला (माथि उल्लेखित प्रत्येक क्लस्टरमा ५० प्रतिशत)

## २. समष्टिगत अर्थतन्त्र

### १. आधारभूत अर्थनीति

### २. आर्थिक क्षेत्र/ आर्थिक नीति तथा कार्यक्रम

- कृषि तथा भूमि व्यवस्था
- उद्योग तथा विदेशी लगानी
- वाणिज्य तथा आपूर्ति
- पर्यटन
- प्राकृतिक स्रोत तथा वन व्यवस्थापन
- सहकारी

**३. सामाजिक क्षेत्र/सामाजिक नीति तथा कार्यक्रम**

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाइ
- युवा तथा खेलकुद
- श्रम तथा रोजगारी
- महिला, बालबालिका तथा जेष्ठ नागरिक
- गरिवी निवारण

**४. पूर्वाधार क्षेत्र**

- जलस्रोत तथा उर्जा व्यवस्थापन
- भौतिक पूर्वाधार तथा यातायात
- सूचना तथा सञ्चार
- विज्ञान तथा प्रविधि
- सहरी विकास

**५. सांस्कृतिक रूपान्तरण**

**६. शासकीय सुधार, राष्ट्रिय सुरक्षा तथा सार्वजनिक प्रशासन**

- नेपाली सेना र प्रहरी
- कर्मचारीतन्त्र र मानव संशाधनको विकास
- भ्रष्टाचार निवारण तथा सुशासन
- कानुन तथा न्याय

**७. अन्तर्राष्ट्रिय सम्बन्ध**

- परराष्ट्र नीति
- गैर आवासीय नेपाली तथा प्रवासी नेपालीको अधिकार
- पूर्व ब्रिटिश गोर्खा सैनिकहरू

**८. प्रादेशिक विकास नीति**

- प्रत्येक प्रदेशमा त्यहाँको विशिष्ट स्थिति अनुरूप जलस्रोत तथा उर्जा तथा जलस्रोत, यातायात, सूचना तथा सञ्चार, विज्ञान तथा प्रविधि, सहरी विकासलगायत भौतिक पूर्वाधारहरूको विकास योजना।
- सामाजिक विकास तथा गरिवी निवारणका योजनाहरू
- स्थानीय विकासका नीति निर्माण तथा स्थानीय तहहरूको परिचालनको योजना।
- मानव विकास सूचांकमा पछि परेकाहरू प्रदेशहरूको विकास।
- राष्ट्रिय प्राकृतिक स्रोत आयोगको वित्तीय हस्तान्तरण सम्बन्धी आधारहरूको पुनरावलोकन।

- राजस्वका दायरा बढाउने तथा नयाँ स्रोतहरूको खोजी ।

### ९. विविध

### ९. पार्टीको रणनीति

- पार्टीको रणनीति समाजवादी राज्यसत्ताको रूपमा सङ्घीय समाजवादी गणतन्त्र स्थापना गर्ने सामग्रीक योजना
- यो मुलुकको सामाजिक विकासको विशिष्ट चरणको दिर्घकालीन र रणनीतिक महत्त्वका मूल कार्यभार
- पार्टीको आम कार्यक्रमसँग सम्बन्धित ।
- विभिन्न ऐतिहासिक मोडहरूमा चरणबद्ध रूपमा अगाडी बढ्ने ।
- अहिलेको हाम्रो रणनीतिक लक्ष्य सङ्घीय गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ गर्दै समाजवादको दिशा पक्रनु

### १०. तात्कालिक कार्यनीति

- तात्कालिक कार्यनीति भनेको देशको ठोस परिस्थितिअनुरूप तात्कालिक लक्ष्य प्राप्त गर्ने तरिका, विधि र साधनहरूको निचोड ।
- पार्टीको दैनिक कृयाकलाप र आचरणको अभिव्यक्ति ।
- अहिलेको हाम्रो तात्कालिक कार्यनीति प्राप्त उपलब्धीहरूको रक्षा गर्दै थप उपलब्धीहरू हासील गर्नका लागि सङ्घर्ष गर्नु तथा सङ्घीयताको कार्यान्वयन र विकासको समाजवादी बाटो अवलम्बन गर्दै समतामूलक समृद्धि र सुशासनको दिशामा अगाडी बढ्नु ।
- पार्टी सरकारमा हुँदा यो नीति र कार्यक्रमको कार्यान्वयन र विपक्षमा हुँदा सडक र सदनमा आफ्नो माग र मुद्दाको रूपमा उत्थान ।

### ११. आगामी कार्यभार

- देशको राजनीतिक शक्ति सन्तुलनको वर्तमान अवस्था ।
- सङ्घीयता, समानुपातिक समावेशीकरण र धर्मनिरपेक्षताविरोधी प्रतिगामी तथा यथास्थितिवादी शक्तिहरूद्वारा विगतमा प्राप्त उपलब्धीहरू उल्टाउने षड्यन्त्र ।
- पार्टीको मुख्य कार्यभार उपरोक्त चुनौति सामना गर्न सक्ने गरी राजनीतिक प्रतिस्पर्धा र पहलको माध्यमबाट पार्टीलाई देशको महत्त्वपूर्ण राजनीतिक शक्तिको रूपमा स्थापित गर्नु ।
- यसका लागि सरकार, संसद र सडक तीनवटै क्षेत्रको समन्वयात्मक पहल र सङ्घर्षको आवश्यकता ।
- पार्टीले लिएको राजनीतिक कार्यदिशाको आधारमा सङ्गठनात्मक शक्ति निर्माण ।
- अहिलेको हाम्रो मुख्य कार्यभारहरू
  १ वैचारिक राजनीतिक काम
  २ सङ्गठनात्मक काम
  ३ प्रचारात्मक काम
  ४ पार्टी एकीकरण, संयुक्त मार्चा र कार्यगत एकता
  ५ सरकार, संसद र जनसङ्घर्ष